बैठक नं.२

आज मिति २०८२/०६/३१ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि, नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधम्देवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

[illegible]

प्रस्ताव नं. २.१
मिति २०८२।०४।१६ मा बसेको नगरकार्यपालिकाको प्रथम वैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं २.१

- चालु आ.ब. २०८२।०८३ का लागि नगरदररेट स्वीकृत गरिएको ।
- मासु तथा मासुजन्य पदार्थको उत्पादन तथा वितरण सम्वन्धी मापदण्ड २०८२, स्वीकृत गरिएको ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौंको प.सं. २०८२।०८३, च.नं. ०७, मिति २०८२।०४।०६ को पत्र बमोजिम 16 September देखि 19 September, 2025 सम्म जापानको टोक्योमा हुने कार्यक्रममा नगर प्रमुख र ईन्जिनियर सुमन श्रेष्ठ सहभागी हुन जाने गरी निर्णय लिइएको ।
- देवीनगर सरसफाई तथा वातावरण संरक्षण सहकारी संस्था लि. बुटवल-११ लाई क्षेत्र निर्धारण गरी फोहोर संकलन, व्यवस्थापन एवं सेवा शुल्क असुलीका लागि अनुमति प्रदान गरिएको ।

प्रस्ताव नं. २.२
क्षतिको विवरण जानकारी सम्बन्धमा ।

निर्णय नं. २.२
जेनजीको आव्हानमा मिति २०८२।०५।२३ र ऐ २४ गतेका दिन भएको आन्दोलनका क्रममा यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको मुख्य प्रशासनिक भवन र अन्तर्गतका वडा कार्यालयहरु समेतमा ठुलो भौतिक क्षति भएको र गाडी, मोटरसाइकल, स्कुटर, लगायतका अन्य खर्च भएर नजाने प्रकृतिका मालसामानहरु नष्ट एवं क्षति भएको व्यहोरा आजको बैठकमा जानकारी भयो । नष्ट भएका र हराएका मालसामानहरुको स्रेस्ता मिलान गर्न नगर कार्यपालिकाको कार्यालयलाई यो वैठक निर्देशन गर्दछ ।

प्रस्ताव नं. २.३

बुटवल उपमहानगरपालिकाको एकल महिला सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०७८ (पहिलो संशोधन २०८२) माथि शंसोधन सम्बन्धमा

निर्णय नं. २.३

बुटवल उपमहानगरपालिकाद्धारा कार्यान्वयनमा रहेको बुटवल उपमहानगरपालिकाको एकल महिला सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०७८ माथि संशोधन गर्न अवश्यक भएको हुँदा देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

**बुटवल उपमहानगरपालिकाको एकल महिला संजाल गठन तथा संचालन कार्यविधि, २०७८ (पहिलो शंशोधन २०८२)**

| ऐनको दफा, उपदफा | भएको व्यवस्था | संशोधन वा थप गर्नका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| दफा ७ को (क) | ७.(क) बुटवल उपमहानगरपालिकाका सबै वडामा गठित एकल महिला वडा समन्वय संजालका संयोजकहरु सदस्य रहेको १९ सदस्यीय एकल महिला नगर समन्वय संजाल गठन हुनेछ। सदस्यहरु मध्येबाट तपसिल बमोजिमको कार्याविभाजन गरिनेछ।<br>संरक्षक : बुटवल उपमहानगरपालिका<br>संयोजक : १ जना -वडा न. १ देखि १९ सम्मका वडा संयोजकहरु मध्येबाट निर्वाचित वा सर्वसम्मत निर्णयबाट छनौट हुने ।<br>सहसंयोजक : १ जना<br>सचिव : १ जना<br>कोषाध्यक्ष : १ जना<br>सदस्य : बाकी सबै सदस्यहरु | ७.(क)**शंशोधन** बुटवल उपमहानगरपालिकाका सबै वडामा गठित एकल महिला वडा समन्वय संजालका संयोजकहरु मध्येबाट बुटवल उपमहानगरपालिकाका नगर प्रमुख बाट एकल महिला नगर समन्वय संजाल गठनका लागि संयोजक सहित निम्न पदाधिकारीहरु कार्यसमितिमा समावेशी स्वरुपमा मनोनयन हुनेछन् ।<br>संयोजक : १ जना<br>सहसंयोजक : २ जना<br>सचिव : १ जना<br>सहसचिव : १ जना<br>कोषध्यक्ष : १ जना<br>सदस्यहरु : ७ जना<br>क.(१थप) एकल महिला नगर समन्वय संजालको संरक्षकको रुपमा नगर प्रंमुख रहने । | एकल महिलाको संगठनात्मक क्षमतामा थप वृद्धि गर्न |

| | | | |
|---|---|---|---|
| दफा ७ को (ख) | ७.(ख) एकल महिला नगर समन्वय संजालका निर्वाचित पदाधिकारीहरु र सदस्यहरुको कार्यकाल ३ वर्षको हुनेछ , संजालका पदाधिकारी सदस्यहरुको कार्यअवधि हरेक तेश्रो आर्थिक वर्षको अन्तसंगै पुर्ण भएको मानिनेछ । | ७.(ख) एकल महिला नगर समन्वय संजालका मनोनित पदाधिकारीहरु र सदस्यहरुको कार्यकाल ३ वर्षको हुनेछ , संजालका पदाधिकारी सदस्यहरुको कार्यअवधि हरेक तेश्रो आर्थिक वर्षको अन्तसंगै पुर्ण भएको मानिनेछ | |
| परिच्छेद ५ विविध,दफा १४ | १४.**निर्वाचन सम्बन्धी व्यवस्था** : वडा समन्वय संजाल र नगर संजालको छनोट गर्दा सर्वसम्वत पद्धति अवलम्बन गर्नु पर्नेछ ,सर्वसम्वत हुन नसकेमा बहुमतका आधारमा निर्वाचन गर्न सकिनेछ । | १४.निर्वाचन सम्बन्धी व्यवस्था : वडा समन्वय संजालको गठन गर्दा सकेसम्म सर्वसम्वत पद्धति अवलम्वन गर्नु पर्नेछ ,सर्वसम्वत हुन नसकेमा बहुमतका आधारमा निर्वाचन गर्न सकिनेछ । | |
| परिच्छेद ५ विविध , दफा १५<br><br>उपदफा थप (५) | १५. आर्थिक व्यवस्था : नगर समन्वय संजालको आर्थिक व्यवस्था देहाय बमोजिम हुनेछ :(१) उपमहानगरपालिका वा वडाबाट प्राप्त हुने रकम (२)अन्य कुनै सरकारी गैरसरकारी संघसंस्था , व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम (३) कुनै कियाकलाप द्वारा समन्वय संजालकै लागि संकलन गरिएको रकम (४) श्रोत परिचालन वा रकम खर्च विधि : वडा समन्वय संजालको हकमा वडा कार्यालयको समन्वयमा र नगरसमन्वय संजालको हकमा सम्बन्धीत शाखाको समन्वयमा नगरपालिकाको स्वीकृति बमोजिम खर्च गर्नु पर्नेछ । संजालको छुट्टै खाता संचालन गर्नु परेमा संयोजक र सचिवको संयुक्त दस्तखतबाट संचालन हुने गरी नगरपालिकाको सिफारीसमा पायक पर्ने बैंकमा खाता खोल्न सकिनेछ । | १५. एकल महिला सुरक्षा कोष सम्वन्धी व्यवस्था : (१)आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतका लागि स्थानीय एकल महिला सुरक्षा कोष नामको एक कोष स्थापना गरीनेछ । (२) स्थानीय एकल महिला सुरक्षा कोषमा देहाय वमोजिमको रकम हुनेछ :<br>(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम<br>(ख)विदेशी सरकार , व्यक्ति वा अन्तरराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम<br>(ग)स्वदेशी वा संघ संस्थाबाट प्राप्त रकम<br>(घ) मन्त्रालयबाट प्राप्त अनुदान रकम<br>(ङ) नगरपालिका बाट प्राप्त रकम<br>(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम<br>(३) उपनियम (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।<br>(४) कोषको परिचालन सम्बन्धी व्यवस्था :<br>(क) स्थानीय एकल महिला सुरक्षा कोषको खाता कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।<br>(ख) कोषको आयव्ययको लेखा नियमानुसार राखिने र लेखापरीक्षण बुटवल उपमहानगरपालिकाको आन्तरीक लेखा परीक्षण शाखाबाट हुनेछ ।<br>५. कोषको उपयोग : कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ ।<br>क) एकल महिलालाई शिक्षा र सीपमुलक तालिम प्रदान गर्न<br>ख) एकल महिलाका लागि स्वरोजगार कार्यकम संचालन गर्न<br>ग) विपन्न एकल महिलालाई औषधी उपचार गर्न | एकल म<br>सुरक्षा क<br>संचालन)<br>नियमाव<br>,२०७० (<br>सरकार)अ<br>थप |

| | | | |
|---|---|---|---|
| | | घ) उद्धार, राहत दिन तथा पुर्नस्थापन गर्न<br>ङ) एकल महिलालाई कानूनी सहयात प्रदान गर्न ।<br>च) एकल महिलाको सामाजिक मर्यादा अभिबृद्धिको लागि जनचेतनामुलक कार्यक्रम संचालन गर्न ।<br>छ) एकल महिलाको हकहित संरक्षण र सवर्धनका लागि कार्यालयबाट निर्णय भए बमोजिमका काम गर्न गराउन । | |

प्रस्ताव नं. २.४

बुटवल उपमहानगरपालिकाको बा आमासंग नगरप्रमुख स्वास्थ्य जाँच सम्वन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन २०८२) सम्बन्धमा ।

निर्णय नं. २.४

बुटवल उपमहानगरपालिकाद्धारा कार्यान्वयनमा रहेको बुटवल उपमहानगरपालिकाको बा आमासंग नगरप्रमुख स्वास्थ्य जाँच सम्वन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन २०८२) माथि संशोधन गर्न अवश्यक भई प्रस्ताव पेश हुन आएको हुँदा सो सम्बन्धमा थप अध्ययन गर्ने आवश्यक भएकोले अर्को वैठकमा निर्णय गर्ने सहमति गरियो ।

प्रस्ताव नं. २.५

बुटवल उपमहानगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति नवीकरण तथा स्तरोन्नती सम्बन्धी मापदण्ड, २०८० (पहिलो संशोधन २०८२) माथि संशोधन सम्बन्धमा ।

निर्णय नं. २.५

बुटवल उपमहानगरपालिकाद्वारा कार्यान्यनमा रहेको बुटवल उपमहानगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति नवीकरण तथा स्तरोन्नती सम्बन्धी मापदण्ड, २०८० (पहिलो संशोधन २०८२) माथि संशोधन गर्न अवश्यक भएको हुँदा देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

**बुटवल उपमहानगरपालिका स्वास्थ्य संस्था दर्ता, अनुमति नवीकरण तथा स्तरोन्नती सम्बन्धी मापदण्ड, २०८० (प्रथम संशोधन) २०८२**

| ऐनको परिच्छेद, दफा, उपदफा | भएको व्यवस्था | संशोधन गर्नका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| परिच्छेद २ दफा ३मा उपदफा (६) थप गरिएको । | | (६) दर्ता, नवीकरण नभई स्वास्थ्य संस्था सन्चालन गरी सेवा प्रदान गरेमा प्रति सेवा अनुसार रु.२००००/- (अक्षेरुपि रु वीस हजार) जरिवाना गरिनेछ। | |
| परिच्छेद २ दफा ३मा उपदफा (७) थप गरिएको। | | (७) स्वास्थ्य संस्था दर्ता, अनुमति, नवीकरणका लागि अनुगमनमा पदाधिकारी तथा व्यक्तिलाई प्रतिदिन प्रतिव्यक्ति रु.१०००/- भत्ता दिन सकिनेछ। | |
| परिच्छेद २ दफा ३मा उपदफा (८) थप गरिएको। | | (८) अनुगमनमा खटिने चालक, कार्यालय सहयोगीलाई प्रतिदिन प्रतिव्यक्ति रु.५००/- भत्ता दिन सकिनेछ। | |
| परिच्छेद २ दफा ३मा उपदफा (९) थप गरिएको। | | (९) चिया/खाजा खर्चका लागि प्रतिव्यक्ति प्रतिदिन रु.२००/- खाजा खर्च गर्न सकिनेछ। खानाको लागि प्रतिदिन प्रतिव्यक्ति रु.३५०/- खर्च गर्न सकिनेछ। | |

| | | | |
|---|---|---|---|
| परिच्छेद २ दफा ३मा उपदफा (१०) थप गरिएको। | | (१०) स्वास्थ्य संस्थाको दर्ता अनुमति नवीकरण तथा स्तरोन्नती सम्बन्धी आवेदन दिदा रु. ५०० आवेदन शुल्क लाग्नेछ। पुन अनुगमन गर्नुपर्ने अवस्थामा पुन आवेदन दिनु पर्नेछ । पुन अनुगमनका लागि आवेदन दस्तुर रु.१००० लाग्नेछ। | |
| परिच्छेद ३ दफा ४मा उपदफा (२) थप गरिएको। | | (२) स्वास्थ्य सेवा सञ्चालन अनुमति, नवीकरण तथा स्तरोन्नतिको अनुमति प्रदान गर्नका लागि प्राविधिक समितिको प्रतिवेदन, नगर स्वास्थ्य अनुगमन समितिको सिफारिसका आधारमा बुटवल उपमहानगरपालिकाको निर्णय बमोजिम प्रदान गरिनेछ। | |
| परिच्छेद ३ दफा १२मा उपदफा (४) थप गरिएको। | | ४) स्वास्थ्य संस्थाको दर्ता अनुमति नवीकरण तथा स्तरोन्नती सम्बन्धी अनुगमन गर्दा प्राविधिक समिति र नगर स्वास्थ्य अनुगमन समितिको प्रतिनिधि सहित अनुगमन गर्नुपर्नेछ। | |
| अनुसूची १ मा देहाय बमोजिम थप गरिएको। | | ९) होलसेल औषधी/सर्जिकल व्यवसाय प्रतिनिधि मध्येबाट १ जना<br>१०) खुद्रा औषधी व्यवसाय प्रतिनिधि मध्येबाट १ जना<br>११) प्रयोगशाला व्यवसायीबाट मध्येबाट १ जना<br>१२) फार्मेसी व्यवसायी मध्येबाट १ जना<br>१३) आयुर्वेदी व्यवसायी मध्येबाट १ जना<br>१४) फिजियोथेरापी व्यवसायी मध्येबाट १ जना<br>१५) क्लिनिक सञ्चालन मध्येबाट १ जना<br>१६) १५ शैया सम्मका अस्पताल मध्येबाट १ जना | |

प्रस्ताव नं. २.६

अधिकृतस्तर नवौं तह पदपूर्तिकालागि माग आकृती फारम भरी प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशमा पठाइएको हुँदा सो विषयलाई अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णय नं. २.६

नेपाल सरकार, संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दी तेरिज बमोजिमका नवौं तहका रिक्त पदहरुको सम्बन्धमा प्रदेश लोकसेवा आयोगको प.सं. २०८२/०८३, च.नं. १८, मिति २०८२।०४।०६ को पत्र बमोजिम २०८२ श्रावण मसान्त भित्र प्रदेश लोकसेवा आयोग नियमावली, २०७६ को नियम ३ संग सम्बन्धित अनुसूची १ बमोजिमको ढाँचामा बढुवाबाट पदपुर्ति गर्नुपर्ने प्रकृतिका देहायका समुहको माग आकृती फारम भरी प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेशको कार्यालयमा पठाईएको मिति २०८२।०४।३० को नगर प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | पदको नाम | तह | सेवा/समुह/उपसमुह | स्वीकृत दरबन्दी | कुल माग पद संख्या |
|---|---|---|---|---|---|
| १. | अधिकृत | ९ | प्रशासन/सा.प्रशासन | ५ | ५ |
| २. | अधिकृत | ९ | प्रशासन/लेखा | १ | १ |
| ३. | इन्जिनियर | ९ | इन्जिनियर/सिभिल | १ | १ |

प्रस्ताव नं. २.७

नेवाःपुचको गाइजात्रा (सापारु) पर्वको अवसरमा दिइएको स्थानीय सार्वजनिक बिदा अनुमोदन सम्बन्धमा ।

निर्णय नं. २.७

गाइजात्रा (सापारु) पर्वको अवसरमा मिति २०८२।०४।२५ गते आइतवार एक दिनका लागि स्थानीय सार्वजनिक विदा दिने गरी मिति २०८२।०४।२३ मा भएको नगरप्रमुखस्तरीय निर्णय अनुमोदन गरियो ।

प्रस्ताव नं. २.८

वडका अत्तवारी पर्वको अवसरमा दिइएको सार्वजनिक बिदा अनुमोदन सम्बन्धमा ।

निर्णय नं. २.८

वडंका अत्तवारी पर्वको अवसरमा मिति २०८२।०५।१५ गते आइतवार एक दिनका लागि बुटवल उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थय संस्थाहरु एवं शिक्षण संस्थाहरुमा गरिएको स्थानीय सार्वजनिक विदा सम्बन्धी नगर प्रमुखस्तरीय निर्णय अनुमोदन गरियो।

प्रस्ताव नं. २.९

मित्रराष्ट्र चीनको Xian City संगको Sister City लाई थप प्रभावकारी वनाउन प्रतिनिधि तोक्ने सम्बन्धमा ।

निर्णय नं. २.९

मिति २०७६।०६।२५ मा मित्रराष्ट्र चीनका महामहिम राष्ट्रपति सि.जिन पिङको ऐतिहासिक नेपाल भ्रमणका अवसरमा महामहिम राष्ट्रपति सि. जिनपिङ र तत्कालिन प्रधानमन्त्रीज्यूको विशेष उपस्थितिमा मिति २०७६।०६।२६ गते बुटवल उपमहानगरपालिका र चीनको Xian City बीचमा भगिनी सम्बन्ध कायम गर्नका लागि सम्झौता सम्पन्न भई सो विषयलाई मिति २०७६।०७।२४ मा बसेको नगरकार्यपालिकाको ५० औं वैठकले जानकारीमा लिएको । उक्त City संग सम्बन्ध स्थापित भए पश्चयात कोरोना महामारीले गर्दा स्थापित सम्बन्धलाई प्रभावकारी बनाई आपसी सम्वन्ध अनुभव आदान प्रदान र शिक्षा, स्वास्थ्य, पुर्वाधार लगाएतका विषयहरुमा सहयोग गर्न र अध्ययन, अवलोकन भ्रमण गरी गराई पर्यटकीय ऐवं धार्मिक क्षेत्रहरुमा समेत आवश्यक सहयोग पुर्‍याउन एवं Xian City संग भागिनी सम्बन्ध स्थापित गर्न अग्रणी भुमिका खेल्नु भएका रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिकाका वडा नं. १३ बेलंवास निवासी डा.श्री सागर न्यौपानेलाई उल्लेखित Xian City संगको द्विपक्षीय सम्वन्धलाई प्रगाढ गराउने र अन्य नगरपालिकाहरु एवं संस्थाहरुसंग समेत सम्बन्ध स्थापित गराउने प्रयोजनका लागि यस बुटवल उपमहानगरपालिकाको तर्फवाट आधिकारिक प्रतिनिधि तोक्ने गरी मिति २०८२।०५।२० मा भएको नगरप्रमुखस्तरीय निर्णय अनुमोदन गरियो ।

प्रस्ताव नं. २.१०

सडकबत्ती व्यवस्थापनका लागि बजेट विनियोजन गरिएको हुँदा अनुमोदन गर्ने सम्वन्धमा ।

निर्णय नं. २.१०

नजिकिदै गएका राष्ट्रिय चाडपर्वहरुलाई समेत मध्यनजर गरी बुटवल उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालयहरु स्वंयमले सडकबत्ती व्यवस्थापन गर्ने गरी देहायका वडाहरूका लागि देहाय वमोजिम हुने गरी सडकबत्ती व्यवस्थापन वजेट विनियोजन गरी उपलव्ध गराउने गरी मिति २०८२।०६।१० मा भएको निर्णयलाई अनुमोदन गरियो ।

१. वडा नं. ११ लाई रु १० लाख ।

२. अन्य सबै वडाहरुलाई प्रति वडा रु. ५ लाखका दरले ।

प्रस्ताव नं. २.११

वार्षिक खरिद योजना स्वीकृत गर्ने सम्वन्धमा ।

निर्णय नं. २.११

बुटवल उपमहानगरपालिकाको चालु आ.व. २०८२/०८३ का लागि स्वीकृत विनियोजन ऐन, २०८२ को मापदण्ड एवं परिधि भित्र रही निर्दिष्ट तालिका बमोजिम कार्यान्वयन प्रकृया अगाडि वढाउने गरी कार्यालयबाट पेश हुन आएको वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २.१२

स्वास्थ्य लाभको कामना सम्बन्धमा ।

निर्णय नं. २.१२

जेनजीको आव्हानमा भएको आन्दोलनको क्रममा घाइते हुनु भएका सबैको शीघ्र स्वास्थ्य लाभको लागि यो वैठक कामना गर्दछ ।

प्रस्ताव नं. २.१३

शोक प्रस्ताव सम्वन्धमा ।

निर्णय नं. २.१३

जेनजीको आव्हानमा भएको आन्दोलनको क्रममा दिवंगत हुनु भएका सवैप्रति हार्दिक श्रद्धान्जली प्रकट गर्दै शोक सन्तप्त परिवारजनहरुमा यो वैठक गहिरो समवेदना व्यक्त गर्दछ ।

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यूवाट वैठक समाप्त भएको जानकारी गराउनु भयो।